# थरुहट/थारुवान संयुक्त संघर्ष समिति

## Tharuhat / Tharuwan Joint Struggle Committee

२०७२

**प्रेस विज्ञप्ती** मितिः ०३ मंसिर ०७३

मुलुकको राजनीतिक अवस्था अत्यन्तै तरल एवम् सकमणकालीन रहेकोछ । हामी आदिवासी थारुहरु आन्तरिक उपनिवेशीकरण, विभेद, दासत्व र असामन्ता बिरुद्ध निरन्तर १६ महिना देखि शान्तिपुर्ण रुपमा आफनो पहिचान, समानुपातिक प्रतिनिधित्व र थरुहट स्वायत प्रदेशको संबैधानिक सुनिश्चितताको लागि आन्दोलनमा छौ । २०७२ असोज ३ गते घोषणा भएको अधुरो अपुरो संविधानले आदिवासी थारु, थरुहट थारुवानको १३ बुँदे मांग पुरा नभएको सर्वविदितैछ । नेपाल सरकार र प्रमुख राजनीतिक पार्टीहरु हाम्रो माँग सम्बाद, सहमती र वार्ताद्धारा सम्बोधन गरि गतिरोध अन्त्य गर्न कुनै किसिमको गम्भीरता, जवाफदेहीता, सम्बेदनशिल्ता नदेखिएकोमा हामी गम्भीर भएकाछौ । थरुहट/थारुवान संयुक्त संघर्ष समितिका संयोजक धनिराम चौधरी लगायत अन्य थारुहरु माथि राजनीतिक आग्रह पुर्वाग्रह राखी झुठा मुद्धा लगाई भईरहेको कानूनी काम कारवाही अविलम्ब बन्द गरीनु पर्दछ । सरकार एवम केही जिम्मेवार राजनीतिक पार्टीद्धारा हाम्रो जारी शान्तिपूर्ण आन्दोलन र हामीले उठाउँदै आएको माँग मुद्धा तुहाउन, आन्दोलनलाई समाजिक सदभाव भडकाउने मिथ्या झुठो, कपोकल्पित आरोप लगाउँदै निर्दोष आदिवासी थारुहरु माथि गरिएको धरपकड झुठा मुद्धा, आगजनी, तोडफोड, दुरव्यवहार लगायत दमन र अमानवीय ज्यादतीबाट मान्सिक, आत्मिक, शारिरीक पिडा दिदै आदिवासी थारु समुदायमा अकान्त सृजना गरि भारत पलायन हुन समेत बाध्य तुल्याउने कार्य अविलम्ब बन्द गरिनु पर्दछ । सरकारद्धारा आन्दोलनकारीहरु माथि लगाइएको झुठा मुद्धा फिर्ता, बन्दीहरुको रिहाई र उचित क्षतिपुर्तिको व्यवस्था अविलम्ब गरिनु पर्दछ । नेपाल सकारले विभेदकारी, अधुरो, अपुरो नेपालको संविधान २०७२ लाई कार्यान्वयन गर्ने नाममा एकाँकी ढंगले स्थानीय पुनःसंरचनाको कार्य र स्थानीय, प्रदेश र संघ गरि तीनै तहको निर्वाचन गरिनु हुदैन । वार्ता र सहमतीद्धारा राजनीतिक वातावरण नबनाई निर्वाचनका नाममा निर्वाचन घोषणा, स्थानीय निकायको पुनःसंरचना र हामी लगायत आन्दोलनरत असन्तुष्टपक्ष एवम् संघ संस्थाहरुसंग सहमती नै नगरि संसदमा दर्ता गर्नका लागेको संविधान संशोधन मस्यौदा प्रति हाम्रा असहमती रहकोछ । छलफल, सम्बाद र सहमती बिना गरिएको संविधान संशोधनबाट हाम्रो माग सम्बोधन हुन सक्दैन यसर्थ हाम्रा मांग मुँदाहरुलाई पुरा गराउन जारी शान्तीपूर्ण आन्दोलनलाई निरन्तरता दिदै थरुहट / थारुवान संयुक्त संघर्ष समितिको बैठकको निर्णय अनुसार अर्को चरणको आन्दोलनको घोषणा गरेकाछौ ।

**सत्याग्रह एवम् भद्र अवज्ञा**

जारी शान्तिपूर्ण एवं अहिंसात्मक थरुहट थारुवान आन्दोलनलाई जिल्ला, नगर, गाउँ गाउँ, टोल टोल, घर घरमा पुरयाउनका लागि २०७३ मंसरि १० देखि ३० गतेसम्म जारी सत्याग्रह एवम् भद्र अवज्ञा कार्यक्रम निम्नानुसार गर्ने निर्णय गरिएको छ ।

(१) २०७३ मंसीर १०, १७ र २४ गतेका दिनहरुमा ललितपुरको पुल्चोकमा रहेको UN कार्यालय अगाडी दिउँसो २ वजे देखि ३ वजे सम्म हातमा कालोपटी बाँधी लाल्टीन, टुकी, दियो,मैनवती, प्ले कार्ड प्रदर्शन गर्ने ।

(२) जिल्लाहरुको हकमा थरुहट थारुवान जिल्लाहरुमा २०७३ मंसीर १०, १७ र २४ गतेका दिनहरुमा जिल्ला प्रशासन कार्यालय, ईलाका प्रशासन कार्यालय अगाडी, हाट वजार, राजमार्ग र गाउँ गाउँ, टोलटोलमा वा पायक पर्ने सार्वजनिक ठाउँमा दिउँसो २ वजे देखि ३ वजे सम्म हातमा कालोपटी बाँधी लाल्टीन, टुकी, दियो,मैनवती, प्ले कार्ड प्रदर्शन गर्ने ।

(३) सरकार प्रमुख लगायत सरकारमा नेतृत्व गर्ने मन्त्री मण्डलका सदस्यहरुलाई थरुहट थारुवानका घटक संस्थाहरु र ,थारु कल्याणकारिणी सभा एवम त्यसका भातृ संगठनहरुको केन्द्र देखि स्थानीय निकायसम्मको कुनै पनि कार्यक्रमहरुमा सहभागी नगराउने र नेपाल सरकारद्धारा आयोजित कार्यक्रमहरुलाई असहयोग, बहिष्कार र भद्र अवज्ञा गर्ने ।

(४) थरुहट/थारुवान संयुक्त संघर्ष समिति केन्द्रीय आन्दोलन परिचालन समितिको जारि शान्तिपुर्ण आन्दोलन बैठकबाट अर्को निर्णय नभएसम्म सिमाँकन संशोधन, पुर्णसमानुपातिक प्रतिनिधित्व लगायतका हाम्रा १३ बुदे माँग बारे प्रचारात्मक, जनजागरण, जनचेतना अभियान सहित काठमाडौं उपत्यका लगायत थरुहट/थारुवान जिल्लाहरुमा जारि राख्ने ।

भवदीय

धनिराम चौधरी
अध्यक्ष, थारु कल्याणकारिणी सभा
संयोजक
थरुहट/थारुवान संयुक्त संघर्ष समिति